#  स्थानीय राजपत्र

**तानसेन नगरपालिकाद्वारा प्रकाशित**

खण्ड २) तानसेन, साउन महिना २५ गते २०७५ साल (संख्या ५)

भाग : २

तानसेन नगरपालिका

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम तानसेन नगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

संवत २०७५ सालको कार्यविधि नं. ५

कार्यविधिको नाम : तानसेन नगरपालिकाको युवा परिषद गठन तथा सञ्चालन कार्यविधि, २०७५

**प्रस्तावना :** तानसेन नगरपालिका क्षेत्र भित्र छरिएर रहेको युवा शक्तिलाई एकत्रित गरी युवाहरुको व्यक्तित्व विकास गर्न, तानसेन नगरको संस्कृति तथा साँस्कृतिक सम्पदाको रक्षा गर्न, लागू औषध दुर्व्यसन, सुर्तीजन्य वस्तुको प्रयोग तथा अन्य सामाजिक कुरीतिको अन्त्य गर्न, खेल क्षेत्रको विकासका लागि स्वंयसेवी भावना विकास गरी उनीहरुलाई तानसेन नगरको उन्नति, प्रगति र विकासका विभिन्न चरणमा समावेश एवम् सहभागी गराई परिचालन गर्ने उद्देश्यले तानसेन नगरपालिकाको सामाजिक विकास ऐन, २०७५ को दफा २७ को आधारमा तानसेन नगरपालिकाको युवा परिषद नामक युवाहरुको नगरस्तरीय सञ्जालको गठन र सञ्चालनका लागि नगर कार्यपालिकाको वैठकवाट यो कार्यविधि स्वीकृत गरी जारी गरिएकोछ ।

## परिच्छेद-१
## प्रारम्भ

१. **नाम र प्रारम्भ :**

(१) यो कार्यविधिको नाम "तानसेन नगरपालिकाको युवा परिषद गठन तथा सञ्चालन कार्यविधि, २०७५" रहनेछ ।

(२) यो कार्यविधि तानसेन नगरपालिकाको नगर कार्यपालिकाले स्वीकृत गरेपछि लागू हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अको अर्थ नलागेमा यस कार्यविधिमा,

(२.१) "युवा परिषद" भन्नाले निश्चित उद्देश्य प्राप्तिका लागि १६ वर्ष उमेर पूरा भई ४० वर्ष ननाघेका युवाहरुको साझा सञ्जाल (जसको गठन यसै कार्यविधि अनुसार भएको छ) लाई बुझ्नु पर्दछ ।

(२.२) "निर्देशक समिति" भन्नाले नगरस्तरीय युवा परिषदको दैनिक कार्य सञ्चालनार्थ गठन गरिएको कार्यकारी अधिकार सम्पन्न निर्देशन दिने समिति भन्ने बुझ्नु पर्दछ ।

(२.३) "अध्यक्ष" भन्नाले तानसेन युवा परिषदको प्रमुखलाई सम्झनु पर्दछ ।

(२.४) "उपाध्यक्ष" भन्नाले तानसेन युवा परिषदको उपाध्यक्षलाई सम्झनु पर्दछ ।

(२.५) "महासचिव" भन्नाले तानसेन युवा परिषदको महासचिवलाई सम्झनु पर्दछ ।

(२.६) "सचिव" भन्नाले तानसेन युवा परिषद्को सचिवलाई सम्झनु पर्दछ ।

(२.७) "सदस्य" भन्नाले नगरस्तरीय युवा परिषदको कार्य समितिका सदस्यलाई बुझ्नु पर्दछ ।

(२.८) "साधारण सदस्य" भन्नाले युवा परिषदले नियुक्त/मनोनित गरेका परिषदका साधारण सभाका सदस्यहरुलाई बुझ्नु पर्दछ ।

(२.९) "कार्यविधि" भन्नाले तानसेन युवा परिषद गठन तथा सञ्चालन गर्नका लागि तानसेन नगरपालिकाले जारी गरेको कार्यविधि, २०७५ लाई बुझ्नु पर्दछ ।

३. **कार्यालय र ठेगाना :**

यस कार्यविधि बमोजिम गठित युवा परिषदको कार्यालय तानसेन नगर कार्यपालिकाको कार्यालयले तोकेको स्थानमा हुनेछ । पत्राचार, इमेल वा सम्पर्क ठेगाना तोकिए बमोजिम हुनेछ :

## परिच्छेद-२
## उद्देश्य र आबद्धता

**४. युवा परिषदको उद्देश्य :**

(४.१) असंगठित युवाहरुलाइ संगठित गरी उनीहरुको बौद्धिक तथा शारीरिक विकासका लागि सहयोग पुऱ्याउने ।

(४.२) युवाहरुको हक अधिकार तथा उनीहरुको कर्तव्य र दायित्वहरुको वारेमा सचेत गराउँदै उनीहरुलाई अनुशासित र कर्मशील बनाउने ।

(४.३) युवाहरुमा स्वंयसेवी भावना जागृत गराइ नगर विकासका हरेक आयाममा सहभागी गराउने ।

(४.४) युवाहरुलाइ सृजनशील र लगनशील भावना विकास गराई उनीहरुको व्यक्तित्व विकासमा सहयोग गर्ने ।

(४.५) युवा सम्बन्धी विभिन्न क्रियाकलापका निर्णय प्रकृयामा सहभागी गराउन पहल गर्ने ।

(४.६) परिषदको विकासको लागि आवश्यक स्रोत र साधनको खोजी गरी समुचित परिचालन गर्ने ।

(४.७) युवाहरुको सङ्गठनात्मक तथा व्यक्तिगत क्षमताको विकास गर्न सहयोग गर्ने ।

(४.८) लागू औषध दुर्व्यसन, सुर्तीजन्य वस्तु नियन्त्रण, मादक पदार्थको नियमन जस्ता कार्यमा स्वंयसेवकको रुपमा परिचालन गर्ने ।

(४.९) असल सांस्कृतिक परम्परा, पर्यावरण संरक्षण तथा सम्बर्द्धन हुने खालको क्रियाकलापमा सहभागी गराउने ।

**५. कानूनी संस्था :** यो परिषद तानसेन नगरपालिकाबाट जारी कार्यविधि अनुसार गठन भएको संस्था हो जसको कानूनी हैसियत नगरपालिकाले तोके बमोजिम हुनेछ ।

## परिच्छेद-३
## परिषदको गठन व्यवस्था

**६. गठन :**

(६.१) तानसेन युवा परिषदको गठनका लागि तानसेन नगरपालिका भित्र हरेक वार्डवाट १६ देखि ४० वर्ष उमेर समूहका युवाहरुको वडा

समितिको आव्हानमा हुने वडा स्तरीय युवाहरुको भेलाले दलित, जनजाती, अपाङ्गता क्षेत्र समेतको प्रतिनिधित्व हुने गरी २ पुरुष तथा २ महिलाको छनौट गर्नेछ । छनौट विधि सोही भेलाले तोकेको मापदण्ड वा नगरपालिकाले गरेको निर्देशनका आधारमा तय हुनेछ । यसरी एउटा वार्डमा ४ जनाको वार्ड स्तरीय युवा समिति हुनेछ भने, तानसेन नगरपालिकाको तानसेन युवा परिषद वडावाट निर्वाचित ५६ तथा नगर प्रमुखले बिभिन्न समुदायहरुको प्रतिनिधित्व हुने गरी १५ जना युवाहरु मनोनित गरी कूल ७१ जनाको परिषद् हुनेछ । तानसेन युवा परिषद्को दैनिक क्रियाकलाप सञ्चालन गर्नका निम्न पदाधिकारी रहेको निर्देशक समिति गठन हुनेछ ।

(क) अध्यक्ष : १ जना
(ख) उपाध्यक्ष : १जना
(ग) महासचिव : १ जना
(घ) सचिव : १ जना
(ङ) सदस्य : अधिकतम ५ जना सम्म
(च) संरक्षक : नगर प्रमुख, ता.न.पा.
(छ) सल्लाहकार : संयोजक-सामाजिक विकास समिति, ता.न.पा.

**७. पदावधि :**

युवा परिषदको पदावधी २ वर्षको हुनेछ । हरेक २ वर्षमा यसको पुनर्गठन गरिनेछ । कुनै पदाधिकारीले राजिनामा दिएमा वा अन्य कुनै कारणले पद रिक्त भएमा पदाधिकारीको हकमा बाँकी अवधिका लागि परिषदले संरक्षकको परामर्शमा नगरस्तरीय परिषद सदस्यवाट  नियुक्त गर्नेछ ।

८. सल्लाहकार : परिषदले सल्लाहकार नियुक्त गर्दा निम्न आधारमा गरिनेछ :

(क) पूर्व अध्यक्ष पदेन सल्लाहकार हुनेछ ।

(ख) स्थानीय शिक्षक, खेलाडी, प्रतिष्ठित विद्वान, प्राध्यापक वा समाजका प्रतिष्ठित व्यक्ति वा सम्बन्धित संस्थाका सदस्यहरुका अभिभावक मध्येबाट आवश्यकतानुसार सल्लाहकारहरु नियुक्त गरिनेछ ।

(ग) तानसेन युवा परिषद्ले सल्लाहकार समिति गठनको आवश्यकता महशुस गरेमा संरक्षकको अनुमतिमा सल्लाहकार समिति समेत गठन गर्न सक्नेछ ।

(घ) सल्लाहकारहरुको लागि उमेर हदम्याद हुने छैन ।

## परिच्छेद-४
## सदस्यता

**९. सदस्यता :**

युवा परिषदको साधारण सदस्य : परिषदको पहिलो कार्य समितिको हकमा गठन भएका बखत यसको साधारण सदस्यता प्राप्त गर्नुपर्नेछ भने अन्य बेलामा साधारण सदस्यता लिनको लागि साधारणसभाले तोके बमोजिमको प्रवेश शुल्क तिर्नु पर्दछ र तोके बमोजिमको अन्य शुल्क पनि आवश्यकता अनुसार नियमित रुपमा बुझाउनु पर्दछ ।

**१०. सदस्यता प्राप्ति तथा समाप्ती :**

(१०.१) युवा परिषदको साधारण सदस्यता प्राप्तिको लागि आवश्यक योग्यता,

(क) तानसेन नगरपालिकामा स्थानीय बासिन्दा १/२ वर्षदेखि स्थायी रुपमा बसोबास गरेको १६ वर्ष पूरा भै ४० वर्ष ननाघेको युवा,

(ख) स्थायी बासिन्दा भन्नाले नेपाली नागरिकताको प्रमाण-पत्रमा ता.न.पा.को स्थायी ठेगाना खुलेको वा बसाई सरी आएको वा तानसेन नगरपालिका भित्र जग्गा जमिन/घर (अचल सम्पत्ति) भई कम्तिमा लगातार विगत २ वर्ष देखि ता.न.पा.मा बसोबास गर्दै आएको हुनु पर्नेछ ।

(१०.२) सदस्यताको समाप्ती

(क) फौजदारी अभियोग वा कुनै नैतिक पतन हुने अभियोग लागि सजाय भोगेको वा नगर कार्यपालिकाले दोषी सावित ठहऱ्याएमा,

(ख) लगातार ३ वटा बैठकमा कुनै सूचना नदिई अनुपस्थित भएमा,

(ग) सदस्यले आफ्नो सदस्यता त्याग गरेमा,

(घ) उसको उमेर ४१ वर्ष लागेको अवस्थामा निजको सदस्यता स्वतः खारेज हुनेछ ।

**११. सदस्यता शुल्क :**

(११.१) परिषदको पहिलो भेलाले सदस्यता सम्बन्धी सशुल्क अथवा निःशुल्क सदस्यता र आवश्यकता अनुसार अन्य शुल्क तोक्न सक्नेछ ।

(११.२) सदस्यता शुल्क र नवीकरण अवधि परिषदको भेलाले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद-५
## काम, कर्तव्य र अधिकार

**१२. तानसेन युवा परिषदको काम, कर्तव्य र अधिकार देहाय अनुसार हुनेछ :**

(क) आफ्नो कार्यक्षेत्रमा युवाहरुलाई संगठित गरी सामाजिक कार्यहरु तथा स्वंयसेवी कार्यहरुमा सहभागी गराउने ।

(ख) नगरपालिकालाई युवाहरुका सवालमा नीतिगत निर्णयहरु गर्न सल्लाह सुझाव दिइ सहयोग गर्ने ।

(ग) नगरक्षेत्र भित्र लागू औषध, सुर्तीजन्य बस्तु नियन्त्रण तथा मादक पदार्थ नियमनका लागि नगरपालिकालाई सहयोग गर्ने ।

(घ) नगरभित्र खेलकुद तथा युवाहरुको व्यक्तित्व तथा नेतृत्व विकासका गतिविधि सञ्चालन गरी युवा क्रियाशिलता बढाउने ।

(ङ) तानसेन नगरपालिका भित्र ल्वडबैंक स्थापना र सञ्चालन गर्ने ।

(च) तानसेनको संस्कृति, परम्परा र रितिरिवाजको संरक्षणका लागि स्वयंसेवी कार्यहरु सञ्चालन गर्ने ।

**१३. पदाधिकारीको काम, कर्तव्य र अधिकार :**

(१३.१) अध्यक्षको काम, कर्तव्य र अधिकार :

(क) बैठकको अध्यक्षता गर्ने ।

(ख) दैनिक कार्य सञ्चालन गर्ने गराउने र सदस्यहरुलाई कामको बाँडफाँड गर्ने ।

(ग) परिषदको निर्णय तथा वार्षिक कार्यक्रम कार्यन्वयन गराउने ।

(घ) चल अचल सम्पत्ति हेरविचार गर्ने ।

(ङ) कार्य समितिले दिएका जिम्मेवारीहरु पूरा गर्ने ।

(च) बैठकमा मत बराबर भएमा निर्णायक मत दिने ।

(१३.२) उपाध्यक्षको काम, कर्तव्य र अधिकार :

क) अध्यक्षको अनुपस्थितमा बैठकको अध्यक्षता गर्ने ।

ख) अन्य तोकिएको काम गर्ने ।

(१३.३) महासचिवको काम, कर्तव्य र अधिकार :

(क) अध्यक्षसँग सल्लाह गरी कार्य समिति तथा साधारण सभाको बैठक बोलाउने ।

(ख) कार्य समितिबाट दिइएका थप जिम्मेवारीहरु पूरा गर्ने ।

(ग) नियमित कार्य सञ्चालन गर्ने ।

(घ) सबै प्रकारको अभिलेख राख्ने ।

(ङ) कार्य समितिले समय समयमा तोकिदिएको अन्य कार्यहरु गर्ने ।

(१३.४) सचिवको काम, कर्तव्य र अधिकार

(क) महासचिवको अनुपस्थितिमा निजको जिम्मेवारी पूरा गर्ने

(ख) तोकिएका जिम्मेवारीहरु पूरा गर्ने ।

(१३.५) कार्य समितिका सदस्यहरुको काम, कर्तव्य र अधिकार :

(क) बैठकमा भाग लिई आवश्यक सुझावहरु पेश गर्ने ।

(ख) बैठकमा पारित भएका निर्णयहरुलाई कार्यान्वयन गर्न सहयोग गर्ने ।

(ग) हरेक क्षेत्रबाट परिषदलाई सही सल्लाह दिई अघि बढाउन प्रयत्नरत रहने ।

(घ) कार्य समितिले समय समयमा तोकिदिएको अन्य कार्यहरु गर्ने ।

**१४. सल्लाहकार समितिको काम कर्तव्य र अधिकार :**

(१४.१) परिषदलाई आवश्यकताअनुसार सुझाव, सल्लाह र प्रेरणा दिने ।

(१४.२) परिषद सञ्चालनका क्रममा देखापरेका समस्या र चुनौतिहरु समाधान गर्न सहयोग गर्ने ।

(१४.३) परिषदको अभिभावकको भूमिका निर्वाह गर्ने ।

**१५. गणपूरक सङ्ख्या :**

साधारणसभा तथा कार्य समितिको काम कारवाही हुन परिषदका कूल सदस्य सङ्ख्याको कम्तीमा ५१% पुग्ने गरी साधारण सदस्यहरु उपस्थित भएको हुनु पर्नेछ ।

## परिच्छेद-६
## विविध

**१६. कार्यविधि संशोधन :**

परिषदको कार्यविधि संसोधन गर्नु पर्ने भएमा आवश्यक सुझावहरु सहित नगर कार्यपालिकाले गर्न सक्नेछ ।

**१७. बचाऊ :**

(१७.१) प्रथमपटक यो कार्यविधि लागू गर्दा भए गरेका कामहरु यसै अन्तर्गत भए गरेको मानिनेछ ।

(१७.२) यस कार्यविधिमा उल्लेख गरिए बाहेकका अन्य कुराहरु तानसेन युवा परिषदले तोके बमोजिम हुनेछ। यस कार्यमा संरक्षकको निर्देशनलाई पनि समावेश गरिनेछ ।

(१७.३) प्रस्तुत कार्यविधिमा उल्लिखित कुराहरु प्रचलित नेपाल ऐन, नियम वा विनियमसँग बाँझिएमा बाँझिएको हदसम्म स्वतः अमान्य हुनेछन् ।

## अनुसूची-१
## सपथ

तानसेन युवा परिषद्को ..................................... पदमा मनोनित/निर्वाचित म ...................................ले ......................... नाममा यो सपथ लिन्छु कि मैले तानसेन नगरपालिकाको ऐन नियमको अधिनमा रही यस तानसेन नगरपालिका क्षेत्र भित्रका सम्पूर्ण युवाहरुको सशक्तिकरण तथा विकासका लागि सोझो चिताई कसैको डर नमानि, पक्षपात नगरी पूर्वग्रह वा गलत भावना नलिई कार्य गर्नेछु । यस परिषद्मा पदासिन रहुन्जेल तानसेन युवापरिषद्, तानसेन नगरपालिका, नेपाली जनता र राष्ट्रप्रति कुनै अहित चिताउने छैन, यस परिषद्को शीर उचों हुने कार्यमा दत्तचित्त रही इमान्दारीतापूर्वक तथा कर्तव्यनिष्ठ भई सेवा गर्नेछु ।

**अनुसूची-२**
**युवा परिषदको छाप**

(युवा परिषदको छाप तानसेन नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ ।)

प्रमाणीकरण मिति २०७५/४/२५

आज्ञाले
कीर्तनराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत